आज मिति २०८० साल चैत्र २२ गते विहिबारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान् अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. उमाशंकर चौधरी
३. श्री कर्ण बहादुर कार्की

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।
२. लिखु अध्यक्ष कप भलिबल प्रतियोगिता, २०८० को समिक्षा सम्बन्धमा ।
३. प्रदेश समपुरक योजना सम्बन्धमा ।
४. अपाङ्गता पहिचान (करुणा फाउण्डेशन) शिविर सम्बन्धमा ।
५. (घ) वर्गको निर्माण ईजाजत सम्बन्धमा ।
६. बजेट माग सम्बन्धमा ।(प्रशासकीय भवन)
७. स्थायी पद तथा कार्यालय दर्ता गर्ने सम्बन्धमा ।
८. विविध समसामयिक विषय सम्बन्धमा ।

**निर्णयहरु :**

१. **निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

**प्रस्ताव नं. १** मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

**प्रस्ताव नं २** माथि छलफल गर्दा लिखु गाउँपालिकाद्वारा मिति २०८०/११/३० गते देखी मिति २०८०/१२/०३ गते सम्म आयोजित लिखु अध्यक्ष कप-२०८० प्रतियोगिता कार्यक्रम सफलता पूर्वक समापन गर्न सफल भएकोमा आयोजक टिम तथा प्रतियोगितालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्बन्धित सम्पुर्ण महानुभाव तथा प्रतियोगिता आयोजक टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो र लिखु गाउँपालिकाको खेलकुद विकास समितिबाट प्राप्त लिखु अध्यक्ष कप - २०८० को सम्बन्धित प्रस्तावहरुलाई संशोधन सहित देहाय बमोजिम अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो । प्रस्ताव यसै साथ संलग्न छ ।

**क)** जिल्लास्तरीय राष्ट्रपति रनिङ् शिल्ड र लिखु अध्यक्ष कप -२०८०, प्रतियोगिताको खर्च रकम रु. २५,८९,५७६/- आगामी कार्यपालिकाको बैठकद्वारा व्यवस्थापन गर्ने ।

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय** :

**निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०८१/८२ मा कार्यान्वयन हुने प्रदेश समपुरक तथा विशेष अनुदानको लागि देहायका आयोजनाहरु प्राथमिकताको आधारमा प्रस्ताव पेश गर्ने तथा प्रस्तावित आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा प्रस्ताव प्रतिवेदनलाई स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**प्रदेश समपूरक अनुदान तर्फ**

क) कुटीडाँडा भञ्ज्याङ्ग माहुरडाँडा सडक निर्माण आयोजना,लिखु गा.पा. (क्रमागत) - प्राथमिकता नं. १
ख) राङ्चा बाघखोर सडक निर्माण आयोजना, लिखु गा.पा. (क्रमागत) - प्राथमिकता नं. २

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय** :

**प्रस्ताव नं ४** माथि छलफल गर्दा लिखु गाउँपालिकाकामा सञ्चालन भएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिको पहिचान तथा परिचय पत्र वितरण शिविर सञ्चालनका सम्बन्धमा देहाय बमोजिम निर्णयहरु सर्वसम्ममत पारित गरियो ।

**क)** अपाङ्गता भएका व्यक्तिको पहिचान तथा परिचयपत्र वितरण शिविर सञ्चालन प्रकृयाको अनुसुची २, अपाङ्गता पहिचान तथा परिचय वितरण शिविर कार्यप्रवाह तालिकाको मार्गनिर्देश अनुसार अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा परिचय पत्र वितरण शिविर प्रत्येक अपाङ्गता भएका व्यक्तिको पहुँचमा पुग्ने गरि सञ्चालन गर्ने ।

**ख)** अपांङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाइ लक्षित गरि सञ्चालन गरिने अपाङ्गता भएका व्यक्तिको पहिचान तथा परिचय पत्र वितरण शिविर तपशिलका वडाहरुमा तपशलिको मिति, समय र स्थानमा संचालन गर्ने र शिविरलाइ व्यवस्थित र मर्यादित बनाउन सम्बन्धित वडाको वडा समितिले नै वडा स्तरीय शिविर व्यवस्थापन समिति तथा प्रचार प्रसार समितिको रुपमा काम गर्ने ।

**तपशिल**

| क्रस | वडा | मिति | स्थान | समेटिने क्षेत्र |
|---|---|---|---|---|
| १ | वडा नं.-१ | २०८१/०१/०३ | च्यूरीडाँडा | लिखु गा.पा. वडा नं १ |
| २ | वडा नं.-२ | २०८१/०१/०५ | हुलाकचौर | |
| ३ | वडा नं.-३ | २०८१/०१/०४ | नर्मदेश्वर | |
| ४ | वडा नं.-४ र ५ | २०८१/०१/०६ | गाउँपालिकाको कार्यालय | वडा नं ४ र ५ |
| ५ | वडा नं.-६ | २०८१/०१/०७ | गाम्नाङ्गटार | ६ नं वडा |
| ६ | वडा नं.-७ | २०८१/०१/०८ | गाम्नाङ्गटार | ७ नं वडा |
| ७ | वडा नं.-८ | २०८१/०१/०९ | टारकेराबारी | ८ नं वडा |
| ८ | वडा नं.-९ | २०८१/०१/१० | पोकली | ९ नं वडा |
| ९ | वडा नं. ९ | २०८१/०१/११ | पोकली | स्वास्थ्य चौकी, पोकली |

**ग)** शिविर सञ्चालन गर्न लागि आवश्यक विशेष चिकित्सक/प्राविधिकहरु तपशिल बमोजिम व्यवस्थापन गर्ने

**तपशिल**

| क्रस | चिकित्सक/प्राविधिक | व्यवस्थापन |
|---|---|---|
| १ | मेडिकल अधिकृत | करुणा फाउन्डेसन नेपाल |
| २ | कानको डाक्टर वा प्राविधिक | करुणा फाउन्डेसन नेपाल |
| ३ | आँखाको डाक्टर वा प्राविधिक | लिखु गाउँपालिका |
| ४ | फिजियोथेरापिस्ट | करुणा फाउन्डेसन नेपाल |
| ५ | हे.अ./ अ.हे.व./ अ.न.मी. | सम्बन्धित वडाको स्वास्थ्य चौकीमा कार्यरत |

**घ)** शिविरका लागि आवश्यक औषधीहरु स्वास्थ्य शाखासँग समन्वय गरि शिविर सञ्चालन गरिने वडामा रहेका स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराउने ।

**ङ)** पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाइ शिविरमा ल्याउनका लागि वडा कार्यलयले आवश्यक सहजीकरण गर्ने ।

५. **निर्णय नं ५. प्रस्ताव नं ५, उपर निर्णय** :

**प्रस्ताव नं**. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं. ४, यसम, निवासी श्री सेती लक्ष्मी कन्स्ट्रक्सनले २०८०/०४/२० मा दिएको निवेदन उपर जाचँबुझ गर्दा (घ) वर्गको निर्माण ईजाजतका लागि आवश्यक कागजात प्रक्रियाहरु पुगी आएको भनी (घ) वर्गको निर्माण ईजाजत वितरण तथा मुल्याङ्कन समितिको मिति २०८०/१२/१५ गतेको बैठकको निर्णयानुसार कार्यपालिकामा पेश भएको श्री सेती लक्ष्मी कन्ट्रक्सन प्रा.लि.लाई (घ) वर्गको निर्माण ईजाजत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. **निर्णय नं ६. प्रस्ताव नं ६, उपर निर्णय** :

**प्रस्ताव नं ६** माथि आवश्यक छलफल गर्दा प्रशासकीय भवन निर्माणको लागि तयार भएको डिपिआर प्रतिवेदन स्वीकृत गर्ने र भवन निर्माणको लागि बजेट व्यवस्थापनको संघीय सरकार तथा प्रदेश सरकार समक्ष आवश्यक बजेट माग गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

७. **निर्णय नं ७. प्रस्ताव नं ७, उपर निर्णय** :

**प्रस्ताव नं. ७** माथि आवश्यक छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेशको च.नं. १२३०, मिति २०८०/११/१५ गतेको पत्रानुसार सभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७ (७) मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा व्यवस्था भए अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा यसै गाउँपालिकामा स्थापित कर्मचारी कल्याण कोषबाट नै भुक्तानी गर्ने सम्बन्धी प्रतिवद्धता सहितको स्वीकृत संगठन संरचना तथा दरबन्दी बमोजिम स्थायी पद तथा स्थायी कार्यालय दर्ता गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश किताबखाना)मा पठाउने भनी सर्वसम्मत निर्णय गरियो ।

८. **निर्णय नं ८. प्रस्ताव नं ८, उपर निर्णय** :

**प्रस्ताव नं. ८** माथि आवश्यक छलफल गर्दा विविध समसामयिक प्रस्तावमा उठेका बिषयमा उपर देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**क)** आर्थिक बर्ष ०७९/०८० को लिखु गाउँपालिकाको स्थानीय तह स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) प्रतिवेदनलाई स्वीकृत गरी प्रकाशन गर्ने तथा आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । प्रतिवेदन यसै साथ संलग्न छ ।